# मकवानपुरगढी गाँउपालिका कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि,२०७६

गाउँपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपुरक अनुदानका साथै गाउँपालिकाको वार्षिक रूपमा स्वीकृतभई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरूबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिजेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी मकवानपुरगढी गाउ कार्यपालिकाको मिति २०७६/०९/०४ गते वैठक बाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम “कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७५” रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाबाटस्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२.उद्देश्यः**

कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरू निम्नानुसार छन्ः

(क) योजना तथा कार्यक्रमहरूको कन्टिजेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रूपमा खर्च गर्न,

(ख) दफा ३ मा उल्लेखित क्षेत्रहरूमा मात्र कन्टिजेन्सी वापतको रकम खर्च गर्न,

(ग) कन्टिजेन्सी वापतको रकमलाई एकीकृत रूपमा लगत राखी सो को योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न,

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्न,

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्चुली, मकवानपुर ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

(ङ) कन्टिजेन्सी वापतको रकमको यथार्थपरक विवरण अभिलेखीकरण गर्न, आदि ।

**३. कन्टेन्जेन्सी रकमको व्यवस्थाः**
गाउँपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरूको नियमानुसार कट्टा गरी हुन आउने रकमलाई एकीकृत गरी उक्त रकमलाई दफा ४ मा उल्लेख भए बमोजिमका शीर्षकहरूमा मात्र खर्च गर्न सकिनेछ ।

**४. खर्च गर्न सकिने क्षेत्रहरूः**
योजना तथा कार्यक्रमहरूको कन्टिजेन्सी कट्टा रकमलाई गाउँपालिकाले देहायका शीर्षकहरूमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ ।

(क) योजना अनुगमन तथा सुपरीवेक्षण, फरफारक समितिको वैठक स्रचालन एवं योजना संग सम्वन्धित प्रशासनिक र वैठक भत्ता लगायत खाजा खाना खर्च,

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद,

(ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च,

(घ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरू

(ङ) गाउँपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र,

(च) लेखापरीक्षण सम्बन्धी खर्च,

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमूखिकरण तालिम गोष्ठी कार्यक्रम संचालनमा लाग्ने खर्च,

(ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा भएको यातायात खर्च,

(झ) स्थानीय तह वा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको सिको तथा अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

ञ) नयाँ योजनाको  सम्भाव्यता अध्ययन तथा डिपियार तयारको लागी खर्च ।

**५. कन्टिजेन्सी रकमको खर्च प्रकृति :**

योजना तथा कार्यक्रमको कुल कन्टिजेन्सी रकम मध्ये २० प्रतशित रकम मर्मत सम्भार कोषमा र वाकी रकम दफा ४मा अनुसार खर्च गर्न सकिनेछ ।

**६. कन्टिजेन्सी रकम एकीकृत तथा खर्च प्रणाली :**

गाउंपालिकाको वार्षिक स्वीकृत वजेट तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्याक्रिमहरूको कन्टिजेन्सी वापतको रकमलाई आर्थिक वर्षको शुरूमा नै एकीकृत रूपमा हिसाव गरी सो को लगत राखिनेछ ।

तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिजेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन सगैं खर्च गरिने व्यवस्था मिलाइनेछ ।

**७. थपघट, हेरफेर वा संशोधनः**

कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

**८. बाधा अडकाउ फुकाउने अधिकारः**

(क) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार कार्यपालिकाको हुनेछ ।

(ख) तर प्रचलित ऐन, कानून, नियम र यस कार्यविधिको मुलभूत कुरालाई असर गर्ने गरी बाधा अडकाउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन ।

**९. यसै बमोजिम भए गरेको मानिनेः**

यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरूको कन्टिजेन्सी रकमबाट योजना कार्यान्वयनसंग सम्बन्धित भए गरेका क्रियाकलापहरू यसै निर्देशिका अनुरूप भए गरेको मानिने छ ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्चुली, मकवानपुर ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

१०. यस कार्यविधिमा उल्लेखित क्षेत्रमा गरिने खर्च २५००० सम्म गाउँपालिका अध्यक्ष वाट स्वीकृत गराई कार्यान्वय गराउन सकिने र सो भन्दा माथी कार्यपालिका निर्णय अनुसार हुनेछ ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत